धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६३ ◆ २०८३ असोज ३ शनिबार ◆ Saturday, September 19, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## स्रोत नखुलेको ३४ लाखसहित पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रहरीले स्रोत नखुलेको रु ३४ लाख ९५ हजार नगदसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा अर्घाखाँची को सन्धिखर्क नगर पालिका-२ का ४२ वर्षीय सन्तोष भुसाल र पर्साको वीरगञ्ज महानगरपालिका-२१ का ४० वर्षीय प्रवेश महत्तो रहेका छन् । काठमाडौं महानगरपालिका-२९, अनामनगर स्थित किम्घी रेष्टुरेष्टमा स्रोत नखुलेको हुण्डीको रकम कारोबार भइरहेको सूचनाका आधारमा प्रहरी वृत्त सिंहदरबारबाट खटिएको टोलीले दुवै जनालाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार पक्राउ परेका दुवै जनाको साथबाट स्रोत नखुलेको सो रकम बरामद गरिएको छ । प्रहरीले पक्राउ परेका दुवै जनाविरुद्ध हुण्डीसम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौं बाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको छ ।

## शव व्यवस्थापन गरिएको स्थानमा स्मृति उद्यान बनाइने

❑ *लोकेश धामी*

नारायणगढ (चितवन) । गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा ज्यान गुमाएका नागरिकको शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटस्थित स्थानमा स्मृति उद्यान निर्माण गरिने भएको छ ।

भरतपुरमा शुक्रबार (हिजो) आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष गणेश अर्यालले शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटमा स्मृति उद्यान निर्माण गर्ने विषयमा छलफल गरिनुका साथै त्यसका लागि सल्लाहकार समिति, निर्माण समिति र स्रोत व्यवस्थापन समिति बनाएर स्मृति उद्यान निर्माणको कार्य अघि बढाउने बताउनुभयो ।

सो अवसरमा बाढीपछि जिल्लामा भएको खोज, उद्धार तथा शव व्यवस्थापनका गतिविधिको समीक्षा गरिएको थियो । चितवनमा सञ्चालन गरिएको खोज, उद्धार तथा शव सङ्कलन र व्यवस्थापन कार्यमा योगदान पुर्याउने व्यक्ति तथा संस्थालाई कदरपत्र समेत प्रदान गरिएको थियो ।

प्रजिअ अर्यालले भोटेकोशी बाढीपछि जिल्लामा हालसम्म ३६४ शव फेला परेको जानकारी दिनुभयो । तीमध्ये ३५१ शव जमिनमुनि व्यवस्थापन गरिएको जानकारी दिनुभयो ।

हालसम्म १२ शव आफन्तले बुझेर लगेका र एउटा शव अस्पतालमा रहेको उहाँले सो अवसरमा बताउनुभयो । बाढीमा परेर मरेका पशुको व्यवस्थापन भरतपुर महानगरपालिकाले गरेको प्रजिअ अर्यालले जानकारी दिनुभयो । चितवनमा स्थायी ठेगाना भएका १५ जनाका परिवारजनले बाढीमा हराएका भन्दै नाम टिपाएको उहाँले बताउनुभयो । प्रजिअ अर्यालले भन्नुभयो, "पवित्रस्थल देवघाटमा हामीले शवको व्यवस्थापन गरेका छौं । सो स्थानमा उद्यान बनाउँदा उनीहरुका आफन्तजन आएर मन बुझाउन, बहलाउन सकिन्छ भनेर उद्यान बनाउने योजना बनाएका हौं ।"

यसबाट भावी पुस्तालाई इतिहास दर्शाउन महत्त्वपूर्ण टेवा पुग्ने र भविष्यमा आवश्यक पर्दा अन्तर्राष्ट्रिय समुदायसँग क्षतिपूर्ति माग गर्ने तथा न्याय खोज्ने प्रयोजनका लागिसमेत प्रमाणका रूपमा रहने भएकाले उद्यान बनाउने सोच आएको उहाँले बताउनुभयो ।

सो अवसरमा स्मृति उद्यानको डिजाइनसमेत प्रस्तुत गरिएको थियो । सघन सहरी विकास आयोजना चितवनका इञ्जिनियर दीपज्योति श्रेष्ठले स्मृति उद्यानको थ्रीडी डिजाइन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारीले अभिभावकत्व ग्रहण गर्नुभएको थियो । भोटेकोशी घटना र चितवनमा गरिएको शव व्यवस्थापनका बारेमा नेपाली सेनाका तर्फबाट नयाँ सबुजदल गण भरतपुरका प्रमुख सेनानी सुदीप तामाङ, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेल र सशस्त्र प्रहरी बल आँपटारीका प्रमुख धनबहादुर बानियाँले समीक्षा गर्नुभएको थियो । जिल्लाका विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।



## रेग्मीको अध्यक्षतामा नेफेजमा नयाँ कार्यसमिति चयन

काठमाडौं । नेपाल वातावरण पत्रकार समूह (नेफेज) को ४१औं साधारण सभाले निमेश रेग्मीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

नेफेजको शुक्रबार सम्पन्न ४१औं साधारणसभाबाट अध्यक्षमा रेग्मीका साथै उपाध्यक्षमा सुबोध गौतम, महासचिवमा सृष्टि काफ्ले र कोषाध्यक्षमा भीष्मराज ओझा निर्वाचित हुनुभएको छ ।

अध्यक्षका लागि मात्र भएको निर्वाचनमा रेग्मीले निकटतम प्रतिस्पर्धी सविन शर्मालाई पराजित गर्नुभएको हो । यसैगरी सदस्यमा प्रकाश रिमाल र टीका बन्धन तथा विज्ञ सदस्यमा विजयराज पौडेल निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक राजेश घिमिरेले जानकारी दिनुभयो । अन्य पदमा सबै उम्मेदवार निर्विरोध निर्वाचित हुनुभएको हो । समूहको ११ सदस्यीय कार्यसमितिका क्रमशः सचिव (महिला) एक र दुई महिला सदस्य तथा एक विज्ञ महिला सदस्यतर्फ भने पदपूर्ति हुन बाँकी रहेको निर्वाचन समितिले जनाएको छ ।

## स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न ऐन संशोधनको तयारी

काठमाडौं । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा थप प्रभावकारी बनाउन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विद्यमान कानुनी व्यवस्थामा संशोधन प्रक्रिया अघि बढाएको छ ।

स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार तथा स्वास्थ्य संस्थामा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्दै सुरक्षित कार्य वातावरण सुनिश्चित गर्ने उद्देश्यले मन्त्रालयले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक' संसद् सचिवालयमा दर्ता गराएको हो । मन्त्रालयबाट अघि बढाइएको उक्त विधेयकलाई मन्त्रिपरिषद्को २०८३ भदौ २९ गते बसेको बैठकले संसद्मा पेस गर्न स्वीकृति दिएको थियो । मन्त्रिपरिषद् बाट स्वीकृति पाएपछि विधेयक संसद् सचिवालयमा दर्ता गरिएको हो । स्वास्थ्य सेवाको नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी प्रवाहका लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा आवश्यक रहेको भन्दै मन्त्रालयले विद्यमान कानुनी संरचनालाई समयसापेक्ष बनाउन संशोधन प्रक्रिया अघि बढाएको जनाएको छ ।

मन्त्रालयले स्वास्थ्यकर्मीको पेसागत सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षित र सम्मानित कार्य वातावरण सुनिश्चित गर्न आवश्यक कानुनी सुधारलाई अघि बढाएको हो । विधेयक संसद्को प्रक्रियामा प्रवेश गरेसँगै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कानुनी व्यवस्थालाई थप प्रभावकारी बनाउने बाटो खुलेको छ । स्वास्थ्यमन्त्री निशा मेहताले स्वास्थ्यकर्मीले सुरक्षित र सम्मानित वातावरणमा काम गर्न सक्ने अवस्था सुनिश्चित गर्नु स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरतासँग प्रत्यक्ष जोडिएको विषय भएको बताउनुभयो ।

"स्वास्थ्यकर्मी सुरक्षित र सम्मानित वातावरणमा काम गर्न सक्ने अवस्था सुनिश्चित गर्नु स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरतासँग प्रत्यक्ष जोडिएको विषय हो । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा बलियो बनाउन आवश्यक कानुनी सुधार लाई मन्त्रालयले प्राथमिकता का साथ अघि बढाएको छ," उहाँले भन्नुभयो ।

मन्त्रालयले स्वास्थ्य क्षेत्र सँग सम्बन्धित अन्य कानुनलाई समेत समयसापेक्ष बनाउन तीनवटा संशोधन विधेयक अघि बढाएको जनाएको छ । तीमध्ये 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन' र 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुसम्बन्धी ऐन' संशोधनका विधेयकसमेत मन्त्रि परिषद्बाट स्वीकृत भई संसद् सचिवालयमा दर्ता भएका छन् ।

## बङ्गलादेशका अलीले कर्णालीबाट एनपिएल खेल्ने

काठमाडौं । बङ्गलादेशका क्रिकेट खेलाडी अकबर अलीले नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करण कर्णाली याक्सबाट खेल्ने भएका छन् । कर्णाली याक्सले शुक्रबार सामाजिक सञ्जालमार्फत उनलाई टोलीमा अनुबन्ध गरेको जानकारी दिएको हो । चौबीस वर्षीय अली सन् २०२० मा बङ्गलादेशले पहिलोपटक जितेको आइसिसी यु-१९ विश्वकप विजेता टोलीका कप्तान हुन् । दक्षिण अफ्रिकामा भएको प्रतियोगिताको फाइनलमा भारतलाई तीन विकेटले पराजित गर्दै बङ्गलादेशले उपाधि जित्दा अकबरले अविजित ४३ रन बनाएका थिए । उक्त खेलमा उनी 'प्लेयर अफ द म्याच'समेत घोषित भएका थिए ।

## राष्ट्रियसभा : सहायक प्रजनन प्रविधिको प्रयोगसम्बन्धी कानुन निर्माणको सङ्कल्प प्रस्ताव पारित

काठमाडौं । राष्ट्रियसभाको शुक्रबार (हिजो)को बैठकले 'सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानुन निर्माणसम्बन्धी' सङ्कल्प प्रस्ताव पारित गरेको छ ।

राष्ट्रियसभा सदस्य मदन कुमारी शाह (गरिमा) ले प्रस्तुत गर्नुभएको सो प्रस्तावमा छलफल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको जवाफपछि बैठकले सर्वसम्मतिले पारित गरेको हो ।

मन्त्री मेहताले सोसम्बन्धी आवश्यक कानुन यही आर्थिक वर्षभित्र पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले सोसम्बन्धी सङ्कल्प प्रस्ताव पारित भएकाले प्रतिबद्धताबमोजिम कानुन ल्याउन सरकारलाई निर्देशन दिँदै सोको आवश्यक अनुगमनका सभाको सम्बन्धित समितिलाई निर्देशन दिनुभयो ।

बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले न्याय परिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

सभाको आगामी बैठक यही असोज ५ गते सोमबार अपराह्न १:१५ मा बस्नेछ ।

## देशमा द्रुत आर्थिक वृद्धिका लागि कृषि क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छः दाहाल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा द्रुत आर्थिक वृद्धिका लागि कृषि क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने बताउनुभएको छ ।

अखिल नेपाल किसान महासङ्घद्वारा शुक्रबार आयोजित कार्यक्रममा उहाँले दिगो कृषि अभ्यास नेपाली किसानका लागि सबैभन्दा महत्वपूर्ण रहेको बताउँदै किसानले दैनिक जीवनमा भोगेका समस्याको समाधान गर्नुपर्नेमा जोड दिनुभयो । उत्पादनलाई अनुकूलन गर्नु र खेतीलाई बढी लाभदायक बनाउनु अहिले ठूलो चुनौती रहेको बताउँदै संयोजक दाहालले प्रविधिको माध्यमबाट किसानलाई दिगो, पर्यावरणमैत्री र लाभदायक खेती गर्न प्रेरित गर्न सकेमा कृषि औद्योगिकरणको विकास गर्न सकिने उल्लेख गर्नुभयो ।

उहाँले आफू पनि किसान सङ्गठनमा काम गरेको स्मरण गर्दै कृषि क्षेत्रले ठूलो सङ्ख्यामा रोजगारीका अवसर सृजना गर्ने तथा कृषि उत्पादन वृद्धिले राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने विचार व्यक्त गर्नुभयो ।

पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कृषि क्षेत्रमा गरिने खर्चले उत्पादन वृद्धि हुने र किसान वर्गको जीवन सुदृढ गर्ने बताउँदै त्यसले मुलुकमा आत्मनिर्भर अर्थतन्त्र विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले स्वदेशी वस्तुलाई देशमा खपत गर्न सकेमा आयात प्रतिस्था पनमा सहयोग पुग्ने र विदेशिने अर्थतन्त्रलाई स्वदेशमै परिचालन गर्न सकिने बताउनुभयो ।

रोजगारी तथा राष्ट्रिय उत्पादन वृद्धि गर्न सरकारले कृषि, पर्यटन तथा पूर्वाधारलगायत उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने उहाँको भनाइ थियो ।

महासङ्घका अध्यक्ष बलदेव चौधरीले निर्यातमूलक कृषि उद्योगलाई सरकारले सहुलियत उपलब्ध गराउन आग्रह गर्दै नेपाली हावा पानीमा हुने उत्पादन गुणस्तरीय हुने गरेकाले अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले सरकारले सिँचाइ, रासायनिक मल, बीउबिजन, नवीनतम् प्रविधिमा सहुलियत उपलब्ध गराउन माग गर्नुभयो ।

सो अवसरमा उद्यमी भगवान कार्कीलगायत उत्कृष्ट किसानलाई सम्मान समेत गरिएको थियो ।



## सम्पादकीय ....

### विपद्बाट सिक्नुपर्ने कुरा

विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा भएको जनधनको क्षति शब्दमा व्यक्त गर्न कठिन छ । नदीकिनाराका अधिकांश बस्ती बाढीले बगाएको छ ।१४ सयभन्दा बढीको ज्यान गएको छ भने हजारौं मानिस बेपत्ता छन् । भौतिक क्षति पनि अकल्पनीय भएको छ । सरकारले बाढी प्रभावित पालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । अहिले सरकारी र गैरसरकारी क्षेत्रले संकटग्रस्त क्षेत्रमा विपत् प्रतिकार्य तथा मानवीय सहायताका काम गरिरहेका छन् । यो महाविपत्तिमा प्रतिकार्य तथा मानवीय सहायतालाई पीडितमैत्री, व्यवस्थित, प्रभावकारी तथा मानव अधिकारमैत्री र लैंगिकमैत्री बनाउन अनिवार्य छ ।

अकल्पनीय क्षति, शोकमा राष्ट्र : अहिले सार्वजनिक भएको क्षति विवरण प्रारम्भिक भएको हुँदा वास्तविक क्षति अझ बढी हुने देखिन्छ । कतिपय सञ्चार मध्यमले करिब १० हजार मानिस बेपत्ता भएको जनाएका छन् । नदीकिनाराका बस्ती नै बगाएको हुनाले त्यस क्षेत्रका मानिस, पर्यटक, तीर्थयात्री, जलविद्युत्मा काम गर्ने कर्मचारी, सरकारी कर्मचारी, नाकामा रहेका कन्टेनरका मजदुर र अन्य कामदारसमेत जोड्दा यो संख्या ठूलो हुने देखिन्छ । कति परिवार नै रित्तिएका छन् भने कति घाइते भएका छन् ।

नदीकिनाराका घर र पूरै बस्ती नै बगाएको हुनाले ती संरचनासहित साथमा भएका खाद्यान्न, नगद, जिन्सी सामान, लत्ताकपडा, सुनचाँदी सबै बगेका छन् । प्रभावित क्षेत्रका नागरिकको खेतीपाती र व्यवसाय नष्ट भएको छ । पशुचौपायाको पनि अत्यन्त ठूलो क्षति भएको छ । यसका साथै त्यस क्षेत्रका सरकारी कार्यालय, स्कुल, खानेपानी, सञ्चार, विद्युत्, सडक र पुल आदि सबै संरचना नष्ट भएका छन् । यसबाट राष्ट्रिय अर्थतन्त्रमै गम्भीर धक्का लागेको छ । यो तहको मानवीय र भौतिक क्षतिले देश र समाजका लागि राष्ट्रिय संकट निम्तिएको छ ।

यो विपत्ले कति परिवार छिन्नभिन्न भए, कति परिवारले सदस्य गुमाए भने कति बालबालिका अभिभावकविहीन भए लेखाजोखा छैन । पीडितले अहिले आश्रयस्थल, पोसिलो खाना, स्वच्छ खानेपानी, शौचालय, लगाउने कपडा, ओड्ने-ओछ्याउने कपडा, बिरामीले औषधोपचार, महिलाका लागि स्यानिटरी प्याड, बिजुलीजस्ता आधारभूत आवश्यकता पाउन सकेका छैनन् । एकातिर यहाँका सडक संरचना नष्ट हुँदा राहत वितरणमा समस्या भएको छ भने अर्कातिर आपूर्ति प्रभावित हुँदा महँगी तथा कालोबजारी बढ्ने अवस्था देखिएको छ । यी सबै तथ्यले बाढी प्रभावित क्षेत्रमा गम्भीर प्रकृतिको मानवीय संकट पैदा भएको छ । सबैभन्दा गम्भीर र पीडादायी विषय त सुरुङमा फसेका नागरिकको खोज र उद्धार बनेको छ । त्यसो त बेपत्ता भएका अन्य नागरिकको पनि खोजी हुन सकेको छैन । यस्तो गम्भीर अवस्थामा सिंगो राष्ट्र एक भएर विपत्को सामना गर्नुपर्ने आवश्यकता छ । खोज, उद्धार, घाइतेको उपचार, शव व्यवस्थापन, राहत वितरण, स्वास्थ्योपचार तथा सरसफाइ, खाद्यान्नको व्यवस्था, अस्थायी आवास, सञ्चार तथा विद्युत्को व्यवस्था गर्नेजस्ता तत्कालीन काम र क्षतिको सम्पूर्ण विवरण संकलन गरी पुनर्निर्माणका काममा एकताबद्ध भएर लाग्नुपर्ने आवश्यकता छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।


प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

## बढ्दो तापक्रमसँगै हिमालय देशहरुमा भौगर्भिक विपद्को जोखिम

प्रगति ढकाल

हिमालय क्षेत्रमा तीव्र गतिमा बढिरहेको तापक्रमले नेपालजस्ता विकासोन्मुख तथा जलवायु जोखिममा रहेका मुलुकको अनुकूलन क्षमतामाथि चुनौती थपिँदै गएको छ ।

हिमनदी पग्लिने, सधैंभरी हिउँले ढाकेको क्षेत्रमा कला पहाडमा परिणत हुने र भौगर्भिक विपद्को जोखिम बढ्दै जाने क्रमले तीव्रता पाएको वैज्ञानिक अध्ययनले देखाएको छ ।

वर्ल्ड वेदर एट्रिब्युसन (डब्लुडब्लुए) का वैज्ञानिक तथा अन्तरराष्ट्रिय हिमनदी विज्ञको वैज्ञानिक विश्लेषणले मानव सिर्जित तापक्रम वृद्धिले उच्च हिमालयको वातावरणमा दीर्घकालीन परिवर्तन ल्याउँदा हिमनदी पातलिने, 'पर्माफ्रोस्ट' पग्लिने र पहाडी चट्टान कमजोर हुने अवस्था सिर्जना भएको जनाएको छ ।

नेपाल-चीन सीमा क्षेत्रमा गत भदौ १० गते गएको चट्टान-हिमपहिरो तथा बाढीमा भूगर्भीय कारणसँगै दशकौंदेखिको जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा पारेको प्रभावले जोखिम बढाएको वैज्ञानिकको निष्कर्ष छ ।

“भदौ १० मा ल्याङटाङ लिरुङ हिमालबाट ठूलो परिमाणमा चट्टान र हिमनदी खसेपछि त्यसले पानी, हिउ र गेग्रानसहितको विनाशकारी बाढीको रूप लिएको हो,” अध्ययनमा भनिएको छ ।

वैज्ञानिकहरूले यसलाई कुनै एउटा चरम मौसमी घटनाको परिणाम मात्र नभई विभिन्न जलवायु तथा भूगर्भीय कारणबाट एकैपटक जोडिएर भएको बहु आयामिक विपद् भनेका छन् ।

**चट्टान-हिमको ठूलो क्षति**

प्रारम्भिक रूपमा उक्त घटना भूकम्पका कारण भएको हुनसक्ने अनुमान गरिए पनि पछिल्ला वैज्ञानिक प्रमाणले करिब दुई वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको चट्टानी भित्तो र हिमनदीको ठूलो भाग एकैपटक खसेपछि विपद् सुरु भएको देखाएको छ ।

“करिब पाँच हजार १५० मिटरको उचाइबाट झरेको चट्टानसहितको हिउँको ढिक्को करिब तीन हजार ७५० मिटर उचाइको उपत्यकामा आइपुगेको थियो, ठूलो परिमाणको चट्टान र हिम खस्दा उत्पन्न ऊर्जाले भूकम्पजस्तै भूकम्पीय तरङ्ग सिर्जना गरेको र वैज्ञानिक विश्लेषणअनुसार उक्त ऊर्जा करिब ५.५ म्याग्निच्युड को भूकम्प बराबर थियो,” अध्ययनमा भनिएको छ ।

पहाडबाट खसेको चट्टान, हिम र भग्नावशेष तीव्र गतिमा तल झर्दा घर्षण तथा यान्त्रिक ऊर्जाका कारण हिउ पग्लिएको र थप पानी उत्पन्न भएको हुनसक्ने अध्ययनले जनाएको छ ।

त्यस्तै त्यस क्षेत्रका स-सना खाल्टोमा जमेको हिम तथा हिमनदीमुनिको पानी र पर्माफ्रोस्ट क्षेत्रमा रहेको पानीसमेत मिसिँदा ठूलो परिमाणमा पानी, हिम, चट्टान र गेग्रानको मिश्रण बनेको अध्ययन रिपोटमा उल्लेख छ । उक्त मिश्रणले विनाशकारी गेग्रानयुक्त बाढीको रूप लिएको हो ।

**सात मिनेटमै रसुवागढी**

अध्ययनअनुसार चट्टान सहितको हिउको भेल उद्गमस्थल देखि रसुवागढी नाकाबाट २२ किलोमिटर तलको क्षेत्रमा करिब सात मिनेटमै पुगेको थियो । यसको औसत गति प्रतिघण्टा १८८ किलोमिटर रहेको अनुमान गरिएको छ ।

अत्यन्त तीव्र गतिको बाढीले रसुवागढी सीमा क्षेत्र, टिमुरे बजार तथा स्याफ्रुबेंसी आसपासका संरचनामा ठूलो क्षति पुऱ्याएको थियो । बाढीबाट त्यस क्षेत्रमा रहेका स्थानीय, तीर्थयात्री, सीमा सुरक्षा कर्मी तथा जलविद्युत् आयोजना मा कार्यरतकर्मचारीको ठूलो क्षति भएको छ ।

बाढीले टिम्मुरे तथा वेत्रावती जस्ता बजारमा अपुरणीय क्षति पुऱ्याउनका साथै त्यस क्षेत्रको पहिचान समेत बोकेका ठूला ढुङ्गा र महत्वपूर्ण सम्पदाभवनसमेत नदीले बगाएको अध्ययनमा उल्लेख छ ।

करिब सात घण्टाभन्दा कम समयमै बाढी २०० किलोमिटर तल देवघाट पुगेको र त्यहाँ नदीको बहाव दोब्बरभन्दा बढी भई प्रतिसेकेन्ड करिब पाँच हजार ८५० घनमिटर पुगेको वैज्ञानिकले निष्कर्ष निकालेका छन् । एक अध्ययन अनुसार करिब दुई करोड घनमिटर अतिरिक्त पानी चार घण्टाभन्दा कम समयमा बगेको अनुमान गरिएको छ ।

“बाढीले करिब तीन करोड पाँच लाख घनमिटर गेग्रान तथा भग्नावशेष थुपारेको थियो । त्यसबाट कृषि भूमि, बस्ती, सडक, पुल तथा जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेको छ । ग्लाचीमा समेत त्रिशूली नदीको जलसतह आठ दशमलव पाँच मिटर बढेको देखिन्छ,” अध्ययनले जनाएको छ ।

अध्ययनअनुसार जीवाश्म इन्धनको प्रयोगबाट उत्पन्न मानव सिर्जित तापक्रम वृद्धिले उच्च हिमालयमा शून्य डिग्री सेल्सियसको तापक्रम रहने सीमाअर्थात् 'जिरो डिग्री आइसोथर्म' प्रतिदशक करिब १०० मिटरको दरले माथि सार्दै लगेको छ ।

यसले उच्च हिमाली क्षेत्रमा जमिन तथा चट्टानभित्र रहेको स्थायी बरफ र पर्माफ्रोस्ट लामो समयसम्म पग्लिने अवस्था सिर्जना गरेको छ । पर्माफ्रोस्टमा रहेको बरफले चट्टानका चिरालाई जोडेर पहाडी भित्तालाई स्थिर राख्न भूमिका खेल्ने भएकाले यसको पग्लाइले चट्टान कमजोर बनाउने वैज्ञानिकहरूको भनाइ छ ।

उट्रेक्ट विश्वविद्यालयका पर्वतीय जलविज्ञ प्राध्यापक वाल्टर इम्मरजिलले जलवायु परिवर्तनका कारण उच्च हिमालयको वातावरण मा आधारभूत र दीर्घकालीन परिवर्तन भइरहेको बताउनुभएको छ । “पर्माफ्रोस्ट क्षय, हिमनदी पछाडि हट्नु र गर्मीको अत्यधिक वृद्धि एकसाथ हुँदा हिमाली चट्टानको संरचनात्मक स्थायित्व कमजोर बन्न सक्छ,” उहाँले भन्नुभयो ।

**प्राकृतिक सहारा घट्यो**

वैज्ञानिकहरूले तापक्रम वृद्धिका कारण हिमनदी उल्लेख्य रूपमा पातलिँदै र पछाडि हट्दै गएको बताएका छन् । हिमनदीको क्षयले घटनास्थल वरपरको चट्टानलाई प्राप्त हुँदै आएको प्राकृतिक सहारा कम गर्नुका साथै थप पग्लिएको पानी उपलब्ध गराएको हुनसक्ने अध्ययनमा उल्लेख छ ।

त्यस्तै चट्टानका चिरामा रहेको बरफ पग्लिँदा चट्टानको 'बन्धन' कमजोर हुने र पग्लिएको पानी चिराभित्र प्रवेश गर्दा पानीको दबाब बढ्ने भएकाले पहाडको स्थायित्वमा थप असर पर्नसक्ने वैज्ञानिकको विश्लेषण छ ।

**विसं २०७२ को भूकम्पले पनि पूर्वस्थितिलाई कमजोर बनाएको हुनसक्ने**

विसं २०७२ को भूकम्पले हिमाल र त्यस वरपरको घटनास्थल आसपासको चट्टानी संरचनालाई कमजोर बनाएको हुनसक्ने अध्ययनले जनाएको छ । वैज्ञानिक हरूले उक्त भूकम्पको यही घटनामा प्रत्यक्ष योगदान कति थियो भन्ने अझै पुष्टि हुन नसकेको स्पष्ट पारेका छन् । तर भूकम्पले पहिले नै कमजोर बनाएको चट्टानी संरचनामा दीर्घकालीन तापक्रम वृद्धि, हिमनदीको क्षय र पर्माफ्रोस्ट पग्लिने क्रमले थप अस्थिरता ल्याएको हुनसक्ने विज्ञहरुको भनाइ छ ।

**घटनाअघि अत्यधिक गर्मी**

चट्टान-हिमपहिरो हुनुभन्दा ठीक अघि जुलाई र अगस्ट सन् २०२६ स्थानीयस्तरमा अहिलेसम्मकै सबैभन्दा तातो महिनाका रूपमा देखिएको अध्ययनले जनाएको छ ।

त्यसअघि सन् २०२५ को अक्टोबर र नोभेम्बरमा भएको उल्लेख्य हिमपातले पहाडमा ठूलो मात्रामा हिम सञ्चय गरेको र त्यसपछिको असामान्य तापक्रमका कारण तीव्र हिमपग्लाइबाट घटनाअघि थप पानी उपलब्ध भएको हुनसक्ने वैज्ञानिकहरूको धारणा छ । अध्ययनमा गरिएको जलवायु एट्रिब्युसन विश्लेषण अनुसार घटनास्थल क्षेत्रमा जुलाई र अगस्टको तापक्रम औद्योगिक युगअघिको तुलनामा मानव सिर्जित जलवायु परिवर्तनका कारण करिब १.५ डिग्री सेल्सियस बढेको छ । वार्षिक रूपमा भने तापक्रम वृद्धि करिब दुई डिग्री सेल्सियस रहेको वैज्ञानिकले बताएका छन् ।

**'मौसमी घटना मात्र होइन'**

इम्पेरियल कलेज लन्डनका चरम मौसम तथा जलवायु परिवर्तनसम्बन्धी अनुसन्धानकर्ता डा बेन क्लार्कले यो घटना कुनै एउटा चरम मौसमी घटनाका कारण नभएको बताउनुभएको छ । उहाँका अनुसार दीर्घकालीन परिवर्तनमा जलवायु परिवर्तनको स्पष्ट प्रभाव देखिन्छन् । उच्च हिमाली वातावरणमा भइरहेको परिवर्तनले उक्त विपद्का सम्भावित कारणलाई प्रभावित गरेको छ ।

“जलवायु परिवर्तनले उच्च हिमाली वातावरणलाई परिवर्तन गरिरहेको छ र यसले यो विपद्का सम्भावित धेरै कारकलाई प्रभावित गरिरहेको छ,” उहाँले भन्नुभएको छ । रेडक्रस रेडक्रिसेन्ट क्लाइमेट सेन्टरका वरिष्ठ प्राविधिक सल्लाह-कार तथा एसिया-प्रशान्त क्षेत्रीय फोकल प्वाइन्ट माधव उप्रेतीले भोटेकोशी विपद्ले नेपाल जलवायु अनुकूलनको सीमामा पुगिसकेको देखाएको बताउनुभएको छ ।

“भविष्यका विपद् मानवीय त्रासदीमा परिणत हुन नदिन विश्वव्यापी उत्सर्जन कटौतीसँगै जोखिममा रहेका समुदायले व्यहोर्नुपरेको हानि तथा नोक्सानी सम्बोधन गर्न अन्तरराष्ट्रिय सहयोग आवश्यक छ,” उहाँले भन्नुभयो, “एक हजार तीन सयभन्दा बढी मानिसको मृत्यु र हजारौं बेपत्ता हुनु जलवायु अनुकूलनको सीमामा पुगिसकेको अवस्थाको दुःखद् स्मरण हो ।”

**'भोटेकोशी विपद्: तीव्र गतिमा तातिरहेको हिमालयको चेतावनी'**

क्लाइमेट एनालिटिक्स साउथ एसियाका निर्देशक तथा जलवायुविद् मञ्जित ढकालले भोटेकोशी विपद्लाई तीव्र गतिमा तातिरहेको हिमालयमा बढ्दै गएको जोखिमको गम्भीर चेतावनीका रूपमा व्याख्या गर्नुभएको छ ।

उहाँका अनुसार तापक्रम वृद्धिले हिउँ, हिमनदी, पर्माफ्रोस्ट तथा समग्र हिमाली वातावरणमा परिवर्तन ल्याएको मात्र नभई झन जटिल प्रकारका प्रकोप तथा एकपछि अर्को असर पार्ने विपद् सिर्जना गरिरहेको छ ।

“तापक्रममा हुने हरेक सानो वृद्धिले पनि जोखिम थप्छ,” ढकालले भन्नुभयो, “विज्ञानले देखाएको तथ्यलाई अबलम्बन गर्दै तत्काल विश्वव्यापी कार्बोन उत्सर्जन अझ तीव्र रूपमा घटाउन, पर्वतीय क्षेत्रका जटिलता र जोखिम बुझ्न अनुसन्धानमा लगानी बढाउन, हिमाली क्षेत्रमा अनुगमन र पूर्वसूचना प्रणाली बलियो बनाउन तथा जलवायु जोखिमलाई ध्यानमा राखी विकासका परियोजना अघि बढाउन आवश्यक रहेको छ । नेपालजस्ता जलवायु सङ्कटको अग्रपङ्क्तिमा रहेका देशलाई आवश्यक परेकै बेला अन्तरराष्ट्रिय जलवायु वित्त उपलब्ध गराउन मार्गदर्शन गर्नुपर्छ ।”

**उत्सर्जन कटौतीमा जोड**

न्युक्यासल विश्वविद्यालय की हिमनदी विज्ञानकी प्राध्यापक बेथान डेभिसले जीवाश्म इन्धनको प्रयोगबाट भइरहेको तापक्रम वृद्धिले हिमालयको हिउँ र बरफ पगाल्नुका साथै हिमनदीको क्षेत्रफल घटाइ रहेको र पर्माफ्रोस्ट पगालिरहेको बताउनुभएको छ ।

हिमाली भिरालो संरचना लाई अस्थिर बनाउँदै यस्ता विपद्को जोखिम बढाउने भएकाले उत्सर्जन कटौतीका लागि तत्काल कदम चाल्नुपर्ने उहाँको भनाइ छ ।

## दश लाख ५८ हजार ५४० बराबरको अवैध कपडा बरामद

वीरगन्ज (पर्सा)। सशस्त्र प्रहरी बल, नेपाल पर्साले १० लाख ५८ हजार ५४० बराबरको अवैध कपडा बरामद गरी वीरगन्ज भन्सार कार्यालय मा दाखिला गरेको छ ।

शुक्रबार (हिजो) पर्साको पकाहाँमैनपुर गाउँपालिका-५ सबैठवस्थित सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म लहावरथरि बाट खटिएको टोलीले विशेष सूचनाका आधारमा गाईभैंसीको भुस राख्ने गोठमा अवैध रूपमा लुकाइछिपाइ राखेको अवस्थामा फेला पारी बरामद गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हेडक्वाटर पर्साका सशस्त्र प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी प्रकाशचन्द्र भट्टले जानकारी दिनुभयो । बरामद गरिएको सामान आवश्यक कारबाही का लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाएको उहाँले बताउनुभयो ।

## संविधान जारीको ११ वर्षः सीमान्तकृत समुदायमा छाएको आशा

बाँके । नयाँ संविधान जारी भएको एक दशक बित्दा बाँकेका सीमान्तकृत समुदायमा परिवर्तनको नयाँ उज्यालो र आशा छाएको छ ।

यहाँका कुचबधिया (पत्थरकट्टा), माहुत, चिडिमार लगायतका सीमान्तकृत तथा लोपोन्मुख अल्पसङ्ख्यक समुदायको यसबीचमा राज्यका निकायमा प्रतिनिधित्व र पहुँच बढेको छ । उनीहरू अहिले आफ्नो हक अधिकार का लागि एकजुट भई स्थानीय सरकारसँग आफ्ना कुरा प्रष्टसँग राख्न सक्ने भएका छन् ।

ओछ्यानबाट उठ्नेबित्तिकै हातमा छिनो र हथौडा लिएर दिनभर ढुङ्गा कुट्दै सिलौटा र जाँतो बनाउने कुचबधिया समुदायको पुस्तैनी पेसा हो । तर अहिले समय बदलिएको छ, मुलुकमा नयाँ संविधान आएको एक दशकमा बाँकेका सीमान्तकृत र लोपोन्मुख बस्तीहरूमा परिवर्तन प्रतिको आशाको किरण पलाएको छ ।

स्थानीय जानकी गाउँपालिका-३ इन्द्रपुरका अर्जुन कुचबधियाका लागि पछिल्लो १० वर्ष केही अनौठो र केही आशाप्रद रह्यो । कुनै समय सरकारी कार्यालयको दैलो टेक्न पनि दकस मान्ने अर्जुनको समुदाय अहिले स्थानीय सरकारले आयोजना गर्ने बैठक तथा छलफल कार्यक्रममा पुगेर निर्धक्क आफ्ना हकअधिकारका कुरा राख्न सक्ने भएको छ ।

"पहिले हाम्रा कुराको कहीं सुनुवाइ हुँदैनथ्यो, अहिले स्थानीय सरकारसमक्ष आफ्ना पीरमर्का राख्न पाएका छौं", अर्जुन विगत र वर्तमानबारे भन्नुहुन्छ, "राज्यले दिएको सामाजिक सुरक्षा भत्ताले चुलो बाल्न त अलि सजिलो भएको छ, शिक्षा, स्वास्थ्य र रोजगारीका सन्दर्भमा संविधानले दिएको अधिकारको नतिजा पनि अब हाम्रा घरसम्म आइपुग्ने विश्वासमा छौं ।"

संविधानले समावेशी र समानुपातिक प्रतिनिधित्वको ढोका खोलेपछि कुचबधिया, माहुत र चिडिमारजस्ता लोपोन्मुख समुदाय का नागरिकमा एक प्रकारको आत्मस्वाभिमान जागेको छ । उनीहरू सङ्गठित भएका छन्, सामूहिक रूपमा आवाज उठाउन थालेका छन् । तर, जीवनयापनको मुख्य जग मानिने आर्थिक अवस्था भने अपेक्षाकृत रूपमा अझै उठ्न सकेको पाइन्न । त्यस्तै स्थानीय गीता कुचबधियाको चिन्ता भने अर्कै छ । बजारमा प्लास्टिक र आधुनिक सामग्रीको वर्चस्व बढेसँगै उनीहरूको पुर्ख्यौली पेसा सिलौटा, जाँतो र डोरी बनाउने काम सङ्कटमा परेको छ । "भत्ताले त दाल-चामल किन्न मात्र ठिक्क हुन्छ", गीता दुःख पोख्नुहुन्छ, "पुर्ख्यौली पेसा हराइसक्यो, नयाँ पेसामा रोजगारी पाइँदैन । राज्यले हामीलाई बस्ने बास, स्वास्थ्य र छोराछोरीको शिक्षामा ध्यान दिनुपर्नेछ ।"

सो परिवारले सामाजिक सुरक्षा भत्ताका रुपमा रु १२ हजार स्थानीय तहबाट लिँदै आएको छ । स्थानीय जानकी गाउँपालिका-३ स्थित इन्द्रपुरमा सो समुदाय २७५ जना रहेको पालिका कार्यालयको अभिलेखमा उल्लेख छ । त्यसबाहेक नेपालगन्ज उपमहानगरपालिका-२१ मा पनि केही घर कुचबधिया समुदायको रहेको छ ।

गाउँमै सरकार आएपछि केही राहत महसुस गर्नुभएका डुडुवा गाउँपालिका-६ हिरमिनियाका केलाराम माहुतको कथा पनि उस्तै छ । केलारामले स्थानीय सरकारबाट प्रदान हुने सेवा र कार्यक्रममा आफ्नो समुदायको पहुँच पहिलेको तुलनामा बढेको अनुभव गर्नुभएको छ । नयाँ संविधानले सामाजिक न्याय, समानुपातिक र समावेशीकरण अधिकारको व्यवस्था गरेसँगै आफ्नो समुदायमा केही परिवर्तन आए पनि आशातित् उपलब्धि भने हासिल हुन नसकेको बताउनुभयो ।

"पहिले सरकारी अड्डा छिर्न पनि डर लाग्थ्यो, अहिले गाउँमै सरकार छ, कार्यक्रमहरूमा हामी पनि सहभागी हुन पाउँछौं", केलाराम भन्नुहुन्छ, "तर हाम्रा युवा पढेर पनि बेरोजगार बस्नुपर्दा मुटु चसक्क हुन्छ ।" माहुत समुदायले भोगिरहेको अर्को ठूलो पीडा भनेको पहिचानको हो । राज्यका सीमान्तकृत अल्पसङ्ख्यकको सूचीमा सूचीकृत हुन नसक्दा उनीहरू धेरै अवसरबाट अझै वञ्चित हुनुपरेको छ । मातृभाषा, मौलिक अधिकार र सामाजिक न्यायका संवैधानिक बहस सुनिए पनि व्यावहारिक कार्यान्वयनमा अझै फराकिलो खाडल रहेको केलारामको भनाइ छ । सामाजिक सुरक्षाको आड त दियो, तर उनीहरूको भान्सामा तीन तहकै सरकार मिलेर समृद्धिको प्रश्न हटाउन सक्नुपर्ने छ ।

परम्परागत पेसा विस्थापित हुँदै जानु, युवाहरू शिक्षित भएर पनि अवसर नपाउनु र आधारभूत आवश्यकता अझै ओझेलमा पर्नुले संविधान जारी भएको दशक पुग्दा पनि आफ्नै परिचयले पनि अर्थपूर्ण परिभाषा नपाएको गुनासो छ ।

## आइभिएफ र सरोगेसीलाई स्पष्ट कानुनी दायरामा ल्याइने

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सहायक प्रजनन प्रविधि (एआरटी) तथा सरोगेसीसम्बन्धी विषयलाई स्पष्ट र प्रभावकारी रूपमा नियमन गर्न आवश्यक कानुनी व्यवस्था गरिने बताउनुभएको छ ।

राष्ट्रियसभाको बैठकमा सहायक प्रजनन् प्रविधिको प्रयोग नियमन गर्न कानुन निर्माणका सम्बन्धमा प्रस्तुत सङ्कल्प प्रस्ताव माथि जवाफ दिँदै उहाँले निःसन्तान व्यवस्थापन, अन्तर्गर्भाशयी शुक्रकिट प्रविष्टि (आइयुआई), इनभिट्रो फर्टिलाइजेसन (आइभीएफ) तथा सहायक प्रजनन प्रविधिसम्बन्धी सेवा विस्तार, गुणस्तर, पहुँच, नियमन र व्यवस्थापन महत्त्वपूर्ण तथा संवेदनशील विषय भएको बताउनु भयो ।

"नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको हक तथा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरेको उल्लेख गर्दै नागरिकको प्रजनन स्वास्थ्य अधिकारको संरक्षण, सुरक्षित तथा गुणस्तरीय स्वास्थ्य सेवा र सेवामा समान पहुँच सुनिश्चित गर्नु सरकारको दायित्व हो", मन्त्री मेहताले भन्नुभयो, "जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले आइभीएफलाई विशेषज्ञ सेवाका रूपमा समावेश गरेको र निःसन्तान व्यवस्थापन सेवाका लागि सरकारले नीतिगत तथा संस्थागत व्यवस्था गर्दै आएको छ, सरकारले 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालन सम्बन्धी मापदण्ड, २०८२' तयार गरी लागू गरेको छ ।" उक्त मापदण्डले निःसन्तानपनको स्क्रिनिङ, निदान, रोकथाम, परामर्श तथा प्रेषणदेखि औषधि तथा हर्मोनल उपचार, आवश्यक शल्यक्रिया र मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाबाट आइयुआई तथा आइभीएफ् लगायत सेवा सञ्चालन गर्ने आधार तयार गरेको उहाँको भनाइ छ ।

मन्त्री मेहताका अनुसार आइयुआई सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थामा प्रसूति तथा स्त्रीरोग सेवा, एन्ड्रोलोजी प्रयोगशाला, कोल्ड चेन, फार्मेसी, आवश्यक स्तरको प्रयोगशाला, आकस्मिक उपचार सेवा तथा दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने प्रावधान गरिएको छ ।

उहाँले आइभीएफलाई कुनै पनि अवस्थामा पहिलो विकल्पका रूपमा लिन नहुने बताउनुभयो । द चिकित्सकीय आवश्यकता, निःसन्तानपनको कारण र सम्बन्धित विज्ञको परामर्शका आधारमा अन्य उपचार तथा विकल्पबाट समाधान सम्भव नभएको अवस्थामा मात्र आइभीएफ आवश्यक हुनसक्ने उहाँको भनाइ छ ।

सो क्रममा मन्त्री मेहताले हाल नेपालमा आइभीएफ तथा सरोगेसीसम्बन्धी केही कानुनी तथा नीतिगत आधार भए पनि आधुनिक सहायक प्रजनन प्रविधिका सबै पक्षलाई स्पष्ट, समग्र र प्रभावकारी रूपमा सम्बोधन गर्ने छुट्टै कानुनी संरचना आवश्यक रहेको बताउनु भयो । विशेषगरी सर्वोच्च अदालतका विभिन्न आदेश तथा निर्देशन, विकसित हुँदै गएको चिकित्सा प्रविधि, प्रजनन अधिकार, चिकित्सकीय नैतिकता, सेवाग्राही को अधिकार तथा प्रजनन सामग्री को व्यवस्थापन, सेवा प्रदायक संस्थाको नियमन तथा सरोगेसी जस्ता विषयलाई समेटेर विद्यमान कानुनी संरचनालाई थप स्पष्ट र व्यवस्थित बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

"आइभीएफ र सरोगेसी फरक प्रकृतिका विषय भएकाले दुवैलाई एउटै ढाँचाबाट नियमन गर्न उपयुक्त नहुने, आवश्यक कानुनी, प्राविधिक, चिकित्सकीय, नैतिक तथा नियामक पक्ष समेटेर आइभीएफ तथा सरोगेसीसम्बन्धी अवधारणापत्र तयार गर्ने प्रक्रिया प्रारम्भ भएका छ", मन्त्री मेहताले भन्नुभयो, "सहायक प्रजनन प्रविधिको दुरूपयोग, अनावश्यक व्यवसायीकरण, अनावश्यक उपचार तथा सेवाग्राहीमाथि पर्न सक्ने आर्थिक र मानसिक भारका साथै चिकित्सकीय तथा नैतिक जोखिमलाई समेत कानुनी व्यवस्थामार्फत सम्बोधन गर्नुपर्ने हुन्छ ।"

उहाँले आइभीएफसम्बन्धी आवश्यकता, सम्भावना, सीमितता, जोखिम, खर्च तथा उपचारका वैकल्पिक विधिबारे नागरिकलाई वैज्ञानिक र तथ्यमा आधारित सूचना उपलब्ध गराउनुपर्ने बताउनुभयो । "कुन सेवा कसले, कुन मापदण्डमा र कुन सीमाभित्र सञ्चालन गर्न पाउने भन्ने कुरा कानुनबाटै स्पष्ट गरिनेछ", मन्त्री मेहताले भन्नुभयो । आगामी दिनमा आइभीएफ सेवा उपलब्ध हुने स्वास्थ्य संस्था, सेवाको मापदण्ड तथा सेवाग्राहीले ध्यान दिनुपर्ने विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो ।

मन्त्री मेहताले चालु आर्थिक वर्ष २०८३/८४ भित्र आइभीएफ तथा सरोगेसीसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्न आवश्यक विधेयक सङ्घीय संसद्मा पेस गर्ने कार्यलाई उच्च प्राथमिकता मा राखिएको बताउनुभयो । उहाँका अनुसार यसका लागि आवश्यक अवधारणापत्र तयार भई राय-सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ भने मस्यौदा तर्जुमाको प्रक्रियासमेत प्रारम्भ भइसकेको छ । मन्त्री मेहताले सहायक प्रजनन प्रविधिको सुरक्षित र वैज्ञानिक प्रयोग सुनिश्चित गर्ने, सेवाको गुणस्तर कायम गर्ने, दुरूपयोग रोक्ने तथा आइभीएफ र सरोगेसीलाई स्पष्ट कानुनी दायरामा ल्याउने उद्देश्यले आवश्यक विधेयक यही आर्थिक वर्षभित्र सङ्घीय संसद्समक्ष पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## संस्कृति, प्रकृति र आत्मगौरवको संगम बन्दै आठपहरिया घरबास

धनकुटा । पूर्वी पहाडको शान्त वातावरण, हरियालीले ढाकिएका डाँडाकाँडा र मौलिक संस्कृतिको मिठासको सङ्गम रहेको ठाउँ हो धनकुटाको स्याउले । धनकुटा नगरपालिका-३ मा पर्ने स्याउले पुगेपछि पर्यटन भनेको घुमफिरमात्रै नभएर जीवनशैली, परम्परा र पहिचान सँगको गहिरो सम्बन्ध रहेको महसुस हुन्छ ।

यहाँको संस्कृति, प्रकृति र पर्यटकीय सम्भावनालाई उजागर गर्ने उद्देश्यले आठपहरिया समुदायले सञ्चालन गरेको 'स्याउले सिप्टिङ सामुदायिक घरबास (होमस्टे)' यहाँको मौलिक पहिचान बन्दै आएको छ । आन्तरिक तथा बाह्य पर्यटकको बढ्दो आकर्षणसँगै होमस्टे केवल बसोबासको स्थानमा सीमित नरही समुदायको आत्म गौरव, अतिथिसत्कार र प्राकृतिक सौन्दर्यको जीवन्त अनुभव दिने केन्द्रका रूपमा विकास हुँदै गएको हो ।

सीमान्तकृत आठपहरिया समुदायको धनकुटा नगरपालिका क्षेत्रमा मात्रै मुख्य बसोबास छ । धनकुटा नगरपालिकाको भूमिपुत्र भन्न रुचाउने आठपहरिया समुदाय को चाडपर्व मान्न तथा पितृकार्य गर्न धनकुटा नगर क्षेत्रका विभिन्न स्थानमा भेला भएर सामूहिक रूपमा मनाउने चलन छ । कुनै बेला आठपहरिया समुदायमा अरुण र तमोर नदी कटेर जान हुँदैन भन्ने मान्यता थियो । अहिले भने विस्तारै रोजगारी, शिक्षालगायत सिलसिला मा बाहिर जाने पनि बढ्दैछन् ।

कुनै समय ओझेलमा परेको यो समुदाय अहिले आफ्नै संस्कृति र परम्परालाई आधार बनाएर पर्यटनको माध्यमबाट पुनर्जागृत हुँदैछन् । "पाहुनालाई स्वागत गर्ने शैलीदेखि खानपान, रहनसहन र मनोरञ्जनसम्म सबैमा मौलिकताको झल्को पाइन्छ । आगन्तुकलाई रातो टीका र फूलको मालाले स्वागत गरिन्छ, जसले नेपाली आतिथ्य संस्कारको आत्मीयता झल्काउँछ", धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले भन्नुभयो ।

यहाँ सञ्चालित घरबासले लोपोन्मुख आठपहरिया समुदायको सांस्कृतिक धरोहरलाई पर्यटनसँग प्रभावकारी रूपमा जोडेको छ । यहाँ आउने पर्यटकलाई मौलिक तथा स्थानीय परिकारको स्वाद चखाउने मात्र होइन, समुदायको जीवनशैली, परम्परा र संस्कृतिको प्रत्यक्ष अनुभव गराइन्छ ।

आठपहरिया समुदायद्वारा सञ्चालित घरबास बस्ने ठाउँमात्रै होइन, जीवित सङ्ग्रहालयजस्तै बन्दै गएको नगरप्रमुख तामाङले बताउनुभयो । "यहाँ हुने प्रत्येक गतिविधिमा संस्कृतिको झल्को आउँछ ।

यहाँ आउने पर्यटकले स्थानीय परिकार र अर्ग्यानिक उत्पादनको स्वाद लिन पाउँछन् । परम्परागत भान्साको बास्नाले आगन्तुकलाई गाउँले जीवनसँग नजिक बनाउने गरेको छ", उहाँले भन्नुभयो ।

साथै यहाँको अनुभव प्रकृतिसँग पनि गासिएको छ । यामअनुसार सुन्तला बगैंचामा गएर फल टिप्ने, मौरीपालनबारे जानकारी लिने, स्थानीय बीउबिजनबारे बुझ्ने अवसरले पर्यटकलाई नयाँ अनुभूति दिने उहाँले बताउनुभयो । साँझपख हुने सांस्कृतिक कार्यक्रम ढोल नाच, लोकगीत र परम्परागत नृत्यले वातावरणलाई अझ जीवन्त बनाउँछ । घरबासका अध्यक्ष हिराबहादुर आठपहरियाले एकैपटक करिब १७ जना पाहुनालाई सेवा दिन सकिने बताउनुभयो । "प्राथमिकता सङ्ख्या बढाउनु होइन, गुणस्तरीय अनुभव दिनु हो । हामी पर्यटकलाई सेवासँगै हाम्रो पहिचान पनि दिन चाहन्छौं", उहाँले भन्नुभयो । पर्यटकलाई आठपहरिया समुदायको इतिहास, संस्कार र जीवनशैलीबारे जानकारी दिनुका साथै कृषि, संस्कृति र प्रकृतिसँग नजिकबाट परिचित गराइने उहाँले बताउनुभयो ।

अध्यक्ष आठपहरियाका अनुसार आधुनिकताको प्रभावले नयाँ पुस्तामा परम्परागत संस्कृति प्रति आकर्षण घट्दै गए पनि घरबास सञ्चालनमार्फत ती कला-संस्कृतिको संरक्षणमा समुदाय सक्रिय रूपमा लागिरहेको छ । आधुनिकताको तीव्र प्रभावले धेरै परम्परागत कला र संस्कृतिहरू लोप हुँदै गएको अवस्थामा आठपहरिया समुदाय भने त्यसलाई जोगाउने अभियानमा जुटेको उहाँको भनाइ छ । नयाँ पुस्तालाई आफ्नै परम्परा चिनाउने र त्यसप्रति गर्व गर्ने वातावरण सृजना गर्न घरबास महत्वपूर्ण माध्यम बनेको नगरप्रमुख तामाङले बताउनुभयो । उहाँले आठपहरियाको संस्कार, संस्कृति रक्षा गर्न धनकुटा नगरपालिकाले काम गरिरहेको भन्दै यस्तै काम गर्ने घरबासलाई सहयोग गर्न तयार रहेको पनि बताउनुभयो । विसं २०७८ को जनगणनाअनुसार आठपहरिया समुदायको जनसङ्ख्या पाँच हजार ८७८ रहेको छ । धनकुटा नगरपालिकालाई आठपहरिया समुदायको उद्गमस्थल मानिन्छ । घरबासमार्फत यो समुदायले आफ्नो भाषा, गीत, नृत्य र संस्कारलाई जीवित राख्दै आएका छन् । आठपहरियाको होमस्टे निर्माणमा विभिन्न सङ्घसंस्थाको सहयोग पनि रहेका अध्यक्ष आठपहरियाले बताउनुभयो ।

इन्टरनेशनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभ्लप्मेन्ट (इसिमोड) र कम्युनिटी होमस्टे नेटवर्क (सीएचएन)ले स्थापना र व्यवस्थापनमा सहयोग पुर्‍याएका छन् । त्यसैगरी नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजनाले क्षमता अभिवृद्धि र प्रवर्द्धनमा टेवा दिएको छ ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

# पाकिस्तानी राजदूत खानद्वारा राष्ट्रिय समाचार समिति परिवारप्रति सहानुभूति प्रकट

काठमाडौँ । नेपालका लागि पाकिस्तानका राजदूत मोहम्मद आमिर खानले राष्ट्रिय समाचार समिति (रासस) परिवारसहित बाढी प्रभावित पत्रकार कालिका खड्का लाई भेटी सहानुभूति प्रकट गर्नुभएको छ ।

शुक्रबार भद्रकालीस्थित राससको केन्द्रीय कार्यालय आउनु भइ राजदूत खानले राससकर्मी खड्काका श्रीमान् एवं पत्रकार टेकराज थामी भोटेकोशी बाढीमा बेपत्ता हुनुभएका प्रति दुःख व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “बाढीबाट नेपाल, रासस र पत्रकार खड्काको परिवार पीडामा रहेको छ, यस विषम परिस्थितिमा धैर्य, संयमता अपनाउन आग्रह गर्दछु ।” पत्रकार थामी बेपत्ता भएकाप्रति राजदूत खानले दुःख प्रकट गर्नुभयो । उहाँले खड्काको पारिवारिक स्थितिबारे जानकारी लिँदै आवश्यक सहयोग गर्न तत्पर रहेको बताउनु भयो । सो क्रममा राजदूत खानले नेपाल र पाकिस्तानबीचको ऐतिहासिक एवं पारिवारिक सम्बन्ध रहँदै आएको बताउँदै शैक्षिक क्षेत्रमा समेत सम्बन्ध प्रगाढ रहेको सुनाउनुभयो । पाकिस्तानमा नेपालका धेरै युवाले छात्रवृत्ति पाउँदै आएको जानकारी दिँदै राजदूत खानले खड्काको छोरीलाई शैक्षिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । “म नेपाली परिवारको सदस्य हुँ जस्तै लाग्छ”, राजदूत खानले खड्काप्रति सहानुभति प्रकट गर्दै भन्नुभयो, “आवश्यकता परेको खण्डमा तपाईंको छोरीको शिक्षामा सहयोग गर्छौं ।”

रासष्ट्रय समाचार समिति को कार्यालय अवलोकन

सो क्रममा राजदूत खानले रासस सञ्चालय अवलोकन गर्दै पत्रकारिताको क्षेत्रमा राससको योगदान अतुलनीय रहेको बताउनुभयो । नेपाल र पाकिस्तान बीच सांस्कृतिक सम्पदाका क्षेत्रमा पनि गहिरो अन्तरसम्बन्ध रहेको बताउँदै उहाँले राससससँग सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो । राजदूत खानले जलवायु न्यायका सम्बन्धमा नेपालको पक्षमा उभिएर विश्व समुदायमा पाकिस्तानले सहयोग एवं सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सन्दीप राईले पाकिस्तान सँगको समन्वयमा संस्थागत सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो । उहाँले एसोसिएटेड प्रेस अफ पाकिस्तान (एपिपी) र राससबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

राससका प्रधानसम्पादक उत्तम सिल्वालले नेपाल र पाकिस्तान को सहकार्यमा समाचार समितिको भूमिका अझै प्रगाढ बनाउन सकिने बताउनुभयो ।

राससका प्रमुख समाचार दाता एकराज पाठकले वर्तमान अवस्थामा जलवायु परिवर्तनको कारण नेपालले भोग्नुपरेको समस्याबारे जानकारी दिँदै आगामी दिनमा पाकिस्तानाका सञ्चार माध्यम र राससबीच गर्न सकिने सहकार्यबारे जानकारी गराउनुभयो ।

# कृषि तथा पशुपन्छी बिमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले विपद्बाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण तथा कृषकलाई राहत उपलब्ध गराउन सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक व्यवस्था हुँदै आएको बताउनुभएको छ ।

शुक्रबार राष्ट्रियसभाको बैठकमा उहाँले सबै किसिमका विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भएको बताउँदै प्रदेश तथा स्थानीय तहमा समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको व्यवस्था रहेको जानकारी दिनुभयो ।

मन्त्री चौधरीका अनुसार प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले कृषि क्षेत्रमा भएको क्षतिको व्यवस्थापनका लागि आवश्यक कार्यविधि निर्माण गरी बजेट व्यवस्थापन तथा राहत वितरण गर्दै आएका छन् । “सङ्घीय कृषि, वन तथा पर्यावरणसम्बद्ध क्षेत्रमा हुने क्षतिको राहत व्यवस्थापनका सम्बन्धमा मन्त्रालय को मन्त्रीस्तरीय निर्णय अनुसार सम्बन्धित प्रदेशबाटै राहत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ”, उहाँले भन्नुभयो, “ठूला विपद्का कारण प्रदेशमा स्रोतको अभाव भएमा सङ्घीय मन्त्रालयबाट थप सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । कृषकले काबुबाहिरको परिस्थितिका कारण व्यहोर्नुपर्ने आगलागी, हरिबतास, जङ्गली जनावर, बाढी, खडेरी तथा असिना लगायतका जोखिम न्यूनीकरण गर्न सरकारले बाली, पशुपन्छी तथा मत्स्य बिमाको व्यवस्था गरी प्रिमियममा अनुदान दिँदै आएको छ ।” उहाँले अनुसार आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य अनुसार कृषि तथा पशु बिमाको प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था रहेको बताउँदै अन्य अनुदानलाई भने क्रमशः घटाउँदै लैजाने नीति लिइएको जानकारी दिनुभयो । मन्त्री चौधरीले कृषि, पशुपन्छी तथा जडीबुटी बिमा कार्यक्रमअन्तर्गत बिमित कृषकले व्यहोर्नुपर्ने क्षतिको दाबी रकम समयमै उपलब्ध गराउने उद्देश्यले बजेट व्यवस्थापन गरिएको बताउनुभयो । सङ्घीय सरकारबाट सञ्चालन हुँदै आएको बिमा कार्यक्रम प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयमार्फत सञ्चालन हुनेगरी सङ्घीय सशर्त अनुदानका रूपमा बजेट व्यवस्था गरिएको उहाँको भनाइ छ ।

मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार ‘कृषि, पशुपन्छी तथा जडीबुटी बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८०’ स्वीकृत गरी भदौ १ गतेदेखि लागू गरिएको उहाँले जानकारी दिनुभयो । उक्त कार्यविधिअनुसार बिमा प्रिमियममा अधिकतम ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्था रहेको उहाँले बताउनुभयो ।

मन्त्री चौधरीले बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि तथा पशुपन्छी बिमाको रियल टाइममा आधारित कृषि तथा पशुपन्छी बिमा प्रणाली सफ्टवेयर समेत सञ्चालनमा रहेको जानकारी दिनुभयो ।

# मन्त्रिपरिषद् बैठकः तेह्र मुलुकका लागि राजदूत सिफारिस

काठमाडौँ । सरकारले छिमेकी दुईसहित १३ मुलुकका लागि राजदूत नियुक्त गर्न सिफारिस गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न मुलुकका लागि राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद्समक्ष लेखी पठाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो । सरकारले भारतका लागि नेपाली राजदूतमा डा निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा र संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापालाई राजदूतका लागि सिफारिस गरेको छ । त्यस्तै, बेलायतका लागि गौरव शमशेर जङ्गबहादुर राणा, जर्मनीका लागि शरू जोशी, इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन र जापानका लागि जिज्ञानकुमार थापा सिफारिस हुनुभएको छ ।

ओमानका लागि डा पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, गणतन्त्र कोरिया का लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा मञ्चला झा तथा साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई राजदूतमा सिफारिस गरिएको मन्त्री पोखरेलले बताउनुभयो । यसैगरी, मन्त्रिपरिषद् बैठकले सहसचिव रुद्रसिंह तामाङलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ । बैठकले नेपाल विद्युत् प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा काठमाडौँका दीर्घायुकुमार श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको छ । सरकारले नेपाल नागरिकता (पाँचौँ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ ।

साविकमा कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत रहेको नेपाल मौसम विज्ञान विभागलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहने गरी नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ संशोधन गर्ने निर्णय पनि बैठकले गरेको छ ।

# आन्तरिक रोजगारीमा सबल बन्नुपर्छ : मन्त्री यादव

सप्तरी । युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले वैदेशिक रोजगारी र आन्तरिक रोजगारीलाई सँगसँगै लैजानुपर्ने आवश्यकता औँल्याउनुभएको छ । श्रम तथा रोजगार कार्यालय मधेस प्रदेशले रूपनी गाउँपालिका-५ स्थित रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा शुक्रबार आयोजना गरेको निर्माण उद्योगमा काम गर्ने श्रमिकहरूको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी एकदिने सचेतना मुलक कार्यक्रममा उहाँले आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । “आन्तरिक रोजगारीतर्फ सर्वसाधारणलाई आकर्षित गर्न धेरै कामहरू गर्नुपर्नेछ । रोजगारदाता र श्रमिक एक अर्काको पूरक भएकाले यी दुवै पक्षलाई सबल बनाउन आवश्यक छ”, मन्त्री यादवले भन्नुभयो, “वैदेशिक रोजगारीसँगै आन्तरिक रोजगारीमा सबल बन्न सके हाम्रो मुलुक सबल र आत्मनिर्भर बन्छ ।”

तीन दिनसम्म वैदेशिक रोजगारी सम्बन्धित गुनासा, समस्या सुन्न जिल्ला प्रशासन कार्यालय सप्तरीमा ‘हेल्प डेस्क’ राखेकाले यससम्बन्धी समस्या त्यहाँ गएर राख्न उहाँले आग्रह गर्नुभयो । मन्त्री यादवले भन्नुभयो, “वैदेशिक रोजगारीमा एजेन्टले गर्दै आएको ठगी न्यूनीकरण भए पनि यसको अन्त्यका लागि वैदेशिक रोजगार सम्बन्धित ऐन संशोधन गरेर ‘डिजिटल सिस्टम’ बनाउँदै छौँ ।”

श्रमिकहरू तथा स्थानीय बुद्धिजीवी तथा स्थानीय सरोकार वालाहरूको उपस्थित रहेको कार्यक्रममा राजविराज नगर पालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविण, रूपनी गाउँ पालिकाका अध्यक्ष दिनेशकुमार यादवलगायत पालिकाका प्रमुखहरू, सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, सप्तरीका प्रहरी प्रमुख एसपी रूपक खड्कालगायतको उपस्थिति रहेको थियो ।

# कोशीका २३२ अधुरा योजना सम्पन्न गर्ने व्यवसायीको प्रतिबद्धता

विराटनगर । कोशी प्रदेशमा स्रोत अभावमा वर्षौंदेखि अधुरा र अलपत्र २३२ वटा योजना यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

प्रदेश भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले म्याद सकिएका तथा बजेट अभावले सम्पन्न नभएका त्यस्ता सडक, पुल तथा भवनलगायतका आयोजनाको म्याद थप र बजेट व्यवस्थापनमा सक्दो सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयमा मन्त्री आचार्य र निर्माण व्यवसायी महासङ्घ कोशी प्रदेशको टोलीबीच भएको भएको छलफल पछि यी अधुरा योजना यथाशीघ्र अघि बढाउने सहमति जुटेको छ ।

मन्त्री आचार्यले निर्माण व्यवसायीहरूलाई यो अन्तिम मौका भएको स्पष्ट पार्दै चालु आर्थिक वर्षको केही महिनाभित्रै काम सक्ने सर्तमा मात्र म्याद थप गर्न सकिने बताउनुभयो ।

उहाँले भन्नुभयो, ‘सरकार र निर्माण व्यवसायी एकअर्काका साझेदार हुन् । व्यवसायीहरूले इमानदारिताका साथ तोकिएको केही महिनाभित्रै काम सक्ने प्रतिबद्धता जनाएकाले सरकारले अन्तिम पटक म्याद थप र बजेट व्यवस्थापनमा सहजीकरण गर्नेछ । तर, काममा कुनै पनि बहानामा ढिलासुस्ती सह्य हुने छैन ।’

व्यवसायीकातर्फबाट पनि अब ढिलासुस्ती नगरी निर्धारित समयभित्रै गुणस्तरीय काम सम्पन्न गर्ने सामूहिक प्रतिबद्धता जनाउनु भयो ।

उहाँहरूले अधुरा रहेका योजना सम्पन्न गर्न अन्तिम पटक मौका दिनुपर्ने माग गर्दै त्यसमा मन्त्री र मन्त्रालयको सहयोग अपेक्षा गरिएको समेत सो क्रममा बताउनुभएको थियो ।

सरकारको ठूलो बजेट लगानी भइसकेको तर प्राविधिक हिसाबले अगाडि नबढेका त्यस्ता योजनाहरू सम्पन्न गर्ने मन्त्री आचार्यले आफैँले पहल गर्नुभएको हो । प्रदेश मन्त्रालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ सम्ममा १२१ वटा कालोपत्र गर्नुपर्ने सडक अधुरा थियो । त्यसबाहेक पुल, भवनसमेत थप १११ योजना स्रोत अभावमा त्यस्तै अलपत्र छन् ।

गत आर्थिक वर्षमा मोरङका ४५, झापाका ४२, सुनसरीका १९, इलामका नौ, खोटाङका तीन, उदयपुरका दुई र धनकुटाको एक सडक योजना स्रोत अभावमा काम अघि बढ्न सकेका थिएनन ।

ती सडक सडक सम्पन्न गर्न मात्रै झण्डै रु ३२ करोड खर्च आवश्यक अनुमान गरिएको छ भने थप १११ योजनाका लागि रु ६० करोड बढी स्रोत व्यवस्थापनको आवश्यकता औँल्याइएको छ ।

# प्रधानमन्त्रीले जेनजी सांसदहरूलाई भन्नुभयो : नवीन सोचका साथ आफ्नै पुस्ताका लागि काम गर्नुहोस्

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहले जेनजी उमेर समूहका सांसदहरूलाई नवीन सोचका साथ आफैँ उदाहरण बनेर आफ्नै पुस्ताका लागि स्वदेशमै रोजगारी सिर्जना गरेर काम आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा शुक्रबार आयोजित अन्तरक्रियामा प्रधानमन्त्री शाहले जनजीविकाका आधारभूत समस्या समाधानसँगै त्योभन्दा अझ अगाडि बढेर आफ्नो पुस्तालाई आत्मनिर्भर बनाउन अग्रसर हुन आह्वान गर्नुभयो ।

प्रधानमन्त्री शाहले यसका लागि उहाँले स्थलगत अध्ययन तथा अनुसन्धान गर्ने, सूचना-प्रविधिको उच्चतम प्रयोग गर्ने, समस्या समाधानमुखी व्यवहार अपनाउने र पुराना तथा अव्यवहारिक सोच त्याग्न सुझाव दिनुभयो ।

साथै, राजनीतिलाई पेसा नबनाइ आम्दानीको छुट्टै व्यावसायिक आधार खडा गर्दै दीर्घकालीनरूपमा आत्मनिर्भर र प्रेरणाको स्रोत बन्नसमेत आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “राजनीतिलाई कमाउने माध्यम बनाउनुहुँदैन, त्यसैले सांसदहरू अरु नै व्यवसाय गरेर आत्मनिर्भर बन्नुपर्छ, सांसदको भूमिका सकिएपछि तपाईंहरूलाई अब आम्दानीको बाटो केही पनि छैन भनेर चिन्ता गर्न नपरोस, त्यसका लागि अहिलेदेखि नै छुट्टै व्यवसाय पनि सुरु गर्नुहोस् ।”

अन्तरक्रियामा सहभागी जेनजी उमेरका सांसदहरूले प्रधानमन्त्री शाहको यो आग्रहलाई अभिभावकीय मार्गदर्शनका रूपमा लिँदै आफ्नै पुस्तालाई आत्मनिर्भर बनाउन र स्वदेशमै अवसर सिर्जना गर्ने कार्यमा जुट्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले जेनजी आन्दोलनका सहिद र घाइते, जेनजी आन्दोलनका क्रममा पक्राउ परेका व्यक्ति, कानुन निर्माण, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, सूचना



तथा प्रविधिका साथै आफ्ना निर्वाचन क्षेत्र केन्द्रित मुद्दाहरू प्रधानमन्त्रीसमक्ष राख्नुभएको थियो ।

अन्तरक्रियामा सांसदहरू बब्लु गुप्ता, खिमा विक, पुष्पाकुमारी चौधरी, श्रद्धा कुँवर क्षेत्री, स्मृति सेञ्चुरी, शिव शङ्कर यादव, केपी खनाल, मनिष खनाल, पुरुषोत्तम शुप्रभात यादव, सुलभ खरेल र प्रशान्त उप्रेती सहभागी हुनुहुन्थ्यो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com